# कृषि विकास बैंक लिमिटेड

## फ्रन्ट डेक्स सहायक, (सहायक स्तर प्रथम श्रेणी प्रशासन)

## पदको खुला प्रतियोगितात्मक परीक्षा

२०६४/०६/१९

पत्र : प्रथम

समय : १ घन्टा ३० मिनेट | पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान

**कृपया अंग्रेजी भाषमा सोधिएको प्रश्नको जवाफ अनिवार्य रूपमा अंग्रजी भाषामा नै लेख्नुहोस्।**

खण्ड (क)

**सही उत्तर दिनुहोस् :** २ × २५ = ५०

१. "भागीरथ" भन्नाले के बुझिन्छ ?
(क) परिश्रमी (ख) दानी (ग) गुरुभक्त (घ) कुरौटे

२. आँखाले सोझै हेर्न नमिल्ने वस्तुलाई हेर्न प्रयोग गर्ने यन्त्रलाई के भनिन्छ ?
(क) Periscope (ख) Telescope (ग) Stethoscope (घ) Microscope

३. भारतको पहिलो महिला राष्ट्रपति को हुन् ?
(क) सुनीता पाटिल (ख) प्रतिभा पाटिल (ग) इन्दिरा गान्धी (घ) मायावती

४. कृषि विकास बैंक लिमिटेड कुन मन्त्रालयअन्गर्तत पर्दछ ?
(क) कृषि मन्त्रालय (ख) अर्थमन्त्रालय
(ग) उद्योग तथा वाणिज्य मन्त्रालय (घ) माथिका कुनै पनि होइनन्

५. "घटोत्कच" उपनामले चिनिने साहित्यकारको वास्तविक नाउँ के हो ?
(क) कणद मिश्र (ख) गोविन्दप्रसाद प्रधान (ग) बालमुकुन्ददेव पाण्डे (घ) श्रीधर खनाल

६. कृषि विकास बैंक लिमिटेड का वर्तमान महाप्रबन्धक को हुन् ?
(क) विमल वाग्ले (ख) योगेश्वर पन्त (ग) बालमुकुन्ददेव पाण्डे (घ) हरिगोपाल गोर्खाली

७. Art of Nepal का लेखक को हुन् ?
(क) के.सी. चौधर (ख) जोसेफ टुची (ग) टोटी हेगन (घ) प्रतापदिव्य पाल

८. व्यवस्थापिका ससद्को राज्य व्यवस्था समितिको कार्यक्षेत्रभित्र तलका कुन विषय पर्दैनन् ?
(क) आर्थिक योजना (ख) निर्वाचन आयोग (ग) रक्षा मन्त्रालय (घ) गृह मन्त्रालय

९. निर्वाचन आयोगले संविधानसभाको निर्वाचनका लागि कति निर्वाचन क्षेत्र निर्धारण गरेको छ ?
(क) २०५ (ख) २३५ (ग) ३०५ (घ) २४०

१०. लघुवित्त विकास बैंकहरू कुन वर्गको बैंक तथा वित्तीय संस्थामा पर्दछन् ?
(क) 'क' श्रेणी (ख) 'ख' श्रेणी (ग) 'ग' श्रेणी (घ) 'घ' श्रेणी

११. राम शाह कहाँका राजा थिए ?
(क) लमजुङ (ख) गोरखा (ग) नुवाकोट (घ) काठमाडौं

१२. २०६३ सालको बहुदलीय शासन व्यवस्था र सुधारसहितको निर्दलीय व्यवस्थाको चुनावमा बहुदलीय व्यवस्थाको चुनावको रङ कस्तो थियो ?
(क) रातो (ख) पहेँलो (ग) नीलो (घ) हरियो

१३. नेपालको दौत्य सम्बन्ध भएका राष्ट्रहरू ग्रिनेडासमेत कति पुगको छ ?
(क) १२७ (ख) १३० (ग) १२५ (घ) १३५

१४. नेपालको नोटहरूमा राजाहरूको तस्बिरको सट्टा सगरमाथा र पानी छापमा लालीगुराँस राख्ने निर्णय कहिले गरियो ?

(क) २०६३ फागुन (ख) २०६४ आश्विन (ग) २०६४ बैशाख (घ) २०६३ बैशाख

१५. कृषि विकास बैंकमा कुन संस्था, गाभिएको थियो ?

(क) राष्ट्रय कम्प्युटर केन्द्र (ख) कृषि औजार कारखाना लिमिटेड

(ग) भूमिसुधार वचत संस्थान (घ) साना किसान विकास बैंक लिमिटेड

१६. आ.व. २०६४/६५ मा दम्पतीलाई कुल वार्षिक आय अधिकतम कत्तिसम्मलाई कर छुट दिने व्यवस्था छ ?

(क) १४० हजार (ख) ११५ हजार (ग) १३० हजार (घ) १०० हजार

१७. कृषि विकास बैंकले स्थापना कुन साल र मितिमा भएको हो ?

(क) २०२४ माघ ७ (ख) २०२६ माघ ७ (ग) २०३० माघ ७ (घ) २०३४ माघ ७

१८. कृषि विकास बैंक लिमिटेड को वर्तमन अध्यक्षको नाम के हो ?

(क) श्रीकृष्ण उपाध्याय (ख) दीर्घराज कोइराला (ग) देवेन्द्रप्रताप शाह (घ) विमल वाग्ले

१९. लिच्छिविकालमा नेपालको राष्ट्रिय भाषा कुन थियो ?

(क) लिच्छवि (ख) नेपाली (ग) संस्कृत (घ) नेवारी

२०. कृषि विकास बैंक लिमिटेड को वर्तमान वचत निक्षेपदर कति छ ?

(क) २.५% (ख) ३% (ग) ३.५% (घ) ४%

२१. हालको व्यवस्थापिका ससद्को सभामुखको नाम के हो ?

(क) चित्रलेखा यादव (ख) दमननाथ ढुगाना (ग) सुवास नेम्वाङ (घ) रामचन्द्र पौडेल

२२. नेपालको सबैभन्दा ठूलो उपन्यास कुन हो ?

(क) माधवी (ख) यहाँदेखि त्यहाँसम्म (ग) वेट्रिक्स (घ) चम्पा

२३. महिला रोवटलाई अंग्रेजीमा के भनिन्छ ?

(क) रोवट्रिक्स (ख) रोबट (ग) वेट्रिक्स (घ) रोवेस

२४. बैंक तथा वित्तीय संस्था ऐन, २०६३ ले बैंकहरूलाई कति वर्गमा विभाजित गरेको छ ?

(क) २ (ख) ४ (ग) ६ (घ) ८

२५. नेपालको पहिलो कम्पनी कुन हो ?

(क) विराटनगर जुट मिल (ख) रघुपति जुट मिल

(ग) जनकपुर चुरोट कारखाना (घ) वीरगन्ज चिनी कारखाना

**छोटो उत्तर दिनुहोस् :**

२६. प्रतिनिधिसभा घोषण २०६३ का ५ वटा विशेषताहरू लेख्नुहोस्।

२७. निम्नलिखित संकेतको पूर्णरूप लेख्नुहोस्।

(क) ICICI (ख) CNN (ग) ADB (घ) SMS

२८. घाटा बजेट पूर्ति गर्ने तरिकाहरू के–के हुन् ?

२९. भौगोलिक रूपमा नेपाललाई कति भागमा बाँड्न सकिन्छ ?

३०. स्वस्थानी व्रत पर्वको बारेमा छोटकरीमा बताउनुहोस्।

३१. नेपालको आ.व. २०६४/६५ को बजेटका प्रमुख विशेषताहरू।

## खण्ड (ग)

**लामो उत्तर दिनुहोस् :** २ × १० = २०

३२. कृषि विकास बैंक लिमिटेड ले कम्पनीका रूपमा खेल्नुपर्ने भूमिकाबारे प्रस्ट पार्नुहोस्।

३३. सागठनिक उद्देश्य प्राप्तिका लागि व्यवस्थापन सूचना प्रणालीको महत्त्वबारे उल्लेख गर्नुहोस्।

❑❑❑

कृषि विकास बैंक लिमिटेड

फ्रन्ट डेक्स सहायक, (सहायक स्तर प्रथम श्रेणी प्रशासन)

पदको खुला प्रतियोगितात्मक परीक्षा

२०६४/०६/१९

पत्र : द्वितीय

समय : २ घन्टा पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

कृपया अंग्रेजी भाषमा सोधिएको प्रश्नको जवाफ अनिवार्य रूपमा अंग्रजी भाषामा नै लेख्नुहोस्।

खण्ड (क)

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् : ५ × १० = १०

१. नगद व्यवस्थापन (Cash management) भनेको के हो ?

२. स्थानीय क्षेत्र सञ्चालन (Local area network LAN) भन्नाले के बुझ्नुहुन्छ।

३. Signature verification (हस्ताक्षर जाँच) गर्दा ध्यान दिनुपर्ने कुराहरू के-के हुन् ?

४. कर्मचारीहरूलाई Motivate गर्न Organization ले कस्तो योजना तर्जुमा गर्नुपर्छ बुँदागत रूपमा उल्लेख गर्नुहोस्।

५. Team building process को बारेमा उल्लेख गर्नुहोस् ।

६. Power point भनेको के हो ? यसका विशेषता बारेमा छोटकरीमा उल्लेख गर्नुहोस्।

७. L/C (Letter of credit) भनेको के हो ?

८. Define group dynamics. Give realistic examples.

९. Briefly explain

(a) Hardware (b) Software (c) E-mail (d) Internet

१०. नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा तोकिएबमोजिम मौद्रिक कार्य र खुला बजार सञ्चालन सम्बन्धमा छोटकरीमा लेख्नुहोस्।

खण्ड (ख)

लामो उत्तर लेख्नुहोस् : १० × ५ = ५०

१. What od you mean by remittance and guarantee. How can be increased remittance in the context of ADBL?

२. आधुनिक बैंकको सफलताको सूचक मानिने नयाँ IT (Informationf technology) र Software ले कृषि विकास बैंकको व्यवासयको कुन-कुन क्षेत्रमा प्रभावकारी भूमिका खेल्न सक्छ ?

३. कृषि विकास बैंकको Non fund business को मुख्य स्रोतको रूपमा रहेको Remittance business लाई अझ बढ प्रभावकारी रूपमा अगाडि बढाउन ग्रामीण तथा सहरी क्षेत्रमा के कस्ता प्रभावकारी रणनीति अपनाउनुपर्ला ?

४. "व्यवस्थापन र कर्मचारीबीच द्वन्द हुन्छ नै, द्वन्द व्यवस्थापनबाट समाधान निकाल्नुपर्छ, नत्र संगठनले उद्देश्य प्राप्ति गर्न सक्दैन" भनने भनाइसँग तपाई सहमत हुनुहुन्छ ? आफ्नो राय दिनुहोस्।

५. तपाई कृषि विकास बैंकको फ्रन्ट डेक्स सहायकस्तरको पदमा नियुक्त भएमा ग्राहकहरूलाई कस्तो व्यवहार गरी उनीहरूको गुनासो नआउने बनाउनुहुन्छ राय दिनुहोस्।

❑❑❑

# लोक सेवा आयोग

## कृषि विकास बैंक लिमिटेड

## कार्यालय सहायक/लेखा सहायक/तथ्यांक सहायक

## २०५५

**पत्र : प्रथम**

**समयः ३ घण्टा** **पूर्णाङ्कः १००**

### विषय : सामान्य ज्ञान सामाजिक अध्ययन

### भाग 'क'

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

१. कृषि विकास बैंकको पहिलो महाप्रबन्धकको नाम के हो ?

२. कुभिन्डे ताल कुन जिल्लामा पर्छ ?

३. वी.पी. कोइरालाको आत्मवृत्तान्तको संकलनकर्ता को हुन् ?

४. नेपालको शिक्षाका पिता भनेर कसलाई चिनिन्छ ?

५. नेपाली साहित्यमा 'वेदव्यास' यो कसको भनाई हो ?

६. विश्व भ्रमण गर्ने पहिलो नेपाली को हुन् ?

७ 'साम्यवाद गाडी चढेर आउँदैन' यो कसको भनाइ हो ?

८. धार्मिक ग्रन्थअनुसार मकरध्वज कसका छोरा हुन् ?

९. विश्व बैंक समूह तथा अन्तर्राष्ट्रिय मुद्राकोषको सन् १९९९ को लागि बोर्ड अफ गर्भनरको अध्यक्षको नाम के हो ?

१०. सन् १९९८ को लागि अर्थशास्त्र विषयको नोबेल पुरस्कार कसलाई प्रदान गरियो ?

११. संसारको सबैभन्दा अग्लो शिखर सगरमाथा २० घण्टा २४ मिनेटमा आरोहण गरी सबैभन्दा कम समयमा सगरमाथा चढी विश्व कीर्तिमान कायम गन पर्वतारोही को हुन् ?

१२. नेपाल ओलम्पिक कमिटिको अध्यक्ष को हुन् ?

१३. नेपालले विश्व बैंकको सदस्यता कहिले प्राप्त गरेको थियो ? –२०१८ सला १४. विश्व पर्यटन संघ (ध्व्इ) को प्रधान कार्यालय कहाँ छ ?

१५. नेपालमा प्रथम राजा कसलाई मानिएको छ ?

१६. '२४ को समूह' कस्तो राष्ट्रहरूको संगठन हो?

१७. नेपाल अधिराज्यको संविधान २०४७ ले नेपालको कार्यकारिणी आव कसलाई दिएको छ ?

१८. 'नेपाल द विङ्गडम अफ हिमालयज' पुस्तकका लेखक को हुन् ?

१९. विश्वमा सर्वप्रथम निर्वाचनमा मतपेटिका प्रयोग गर्ने देश कुन हो ?

२०. न्वागी वर्प विशेषत : कुन जतजातिले मनाउँछन् ?

२१. सन १९९८ को 'नोबेल शान्ति पुरस्कार' कसलाई प्रदान गरियो ?

२२. ब्रुनाईको राजधानीको नाम के हो ?

२४. गोरखापत्रको पहिलो प्रकाशन कसको पालामा भएको हो ?

२१५. प्रथम विश्वयुद्ध कहिलेदेखि कहिलेसम्म चल्यो ?

### खण्ड 'ख'

**छोटो उत्तर दिनुहोस् :**

१. कृषि विकास बैंकको विभिन्न कार्यक्रममा सहयोग पुयाउने विदेशी संस्थाबारे छोटकरीमा टिप्पणी गर्नुहोस्।

२. नेपाललाई प्राकृतिक स्रोतमा धनी भएर पनि निर्धन मुलुकमा गणना गरिन्छ। यसबारे तपाईंको दृष्टिकोण स्पष्ट गर्नुहोस्।

३. विधेयक र ऐनमा के फरक छ ? बुझाउनुहोस् ।

४. 'कृषिको आधुनिकीकरणबिना देशको समग्र आर्थिक विकास सम्भव छैन' भन्ने कुरामा तपाईंको विचार राख्नुहोस् ।

५. मिश्रित अर्थव्यवस्था भन्नाले के बुझिन्छ ? बयान गर्नुहोस् ।

६. नेपाल अधिराज्यको संविधान २०४७ का प्रमुख विशेषताहरूका सम्बन्धमा प्रकाश पार्नुहोस् ।

## खण्ड 'ग'

**लामो उत्तर दिनुहोस् :**

१. मागअनुरूपको कृषि कर्जा आपूर्ति हुन नसकेको अवस्थामा कृषि विकास बैंकको भूमिका कस्तो हुनपर्ला ? तार्किक विचार व्यक्त गर्नुहोस् ।

२. 'सामूहिक प्रयास नै विश्व वातावरणीय समस्याको समाधान हो' विवेचना गर्नुहोस् ।

❑❑❑

# लोक सेवा आयोग
## कृषि विकास बैंक लिमिटेड
## सहायकस्तर प्रथम श्रेणी लेखा सहायक
## २०५५

पत्र : द्वितीय

समय: २ घण्टा ३० मिनेट                                                                 पूर्णाङ्क: १००

### विषय: सेवासम्बन्धी

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

१. योजना (Planning) भनेको के हो ? कृषि विकास बैंकमा योजना तर्जमा गर्ने प्रक्रियाको जानकारी दिँदै आफ्नो अवधारणा राख्नुहोस्।

२. लेखाको आधारभूत सिद्धान्त भनेको के हो ? दोहोरो लेखाप्रणालीबाट के फाइदाहरू छन् ? उल्लेख गर्नुहोस्।

३. कृषि विकास बैंक ऐन, २०२४ को परिच्छेद ५ मा उल्लेख भएका निम्न विषयमा व्याख्या गर्नुहोस् :

   (क) बैंकको कोष

   (ख) कोषको व्यवस्था

   (ग) जोखिम व्यहोर्ने कोष

४. उत्प्रेरणा (Motivation) भनेको के हो ? कर्मचारीहरूलाई कसरी उत्प्रेरित गर्न सकिन्छ ? व्याख्या गर्नुहोस्।

५. वासलात किन वनाइन्छ वासलात (Balance sheet) को सम्पत्ति । दायित्वतर्फ कस्ता हिसावहरू आउँछन् ? फरमेट बनाई जानकारी दिनुहोस्।

६. कृषि विकास बैंकसँग भएको कर्जा सम्भौता सर्त वा कबलियतका पालना नगर्ने व्यक्तिसँग साँवा व्याज असुलउपर गर्न कृषि विकास बैंक ऐन, २०२० मा भएको व्यवस्था उल्लेख गर्नुहोस्।

७. लेखापरीक्षणको अर्थ, उद्देश्य र महत्वबारे प्रकाश पार्नुहोस्।

८. ग्रामीण क्षेत्रको विकासमा कृषि विकास बैंकले लेखेको भूमिकाका मूल्बार गर्नुहोस्।

❑❑❑

## कृषि विकास बैंक लिमिटेड

## कार्यालय सहायक पदको खुल्ला प्रतियोगिता

२०५१/१२/२४

पत्र : प्रथम

समय : १ घण्टा ३० मिनेट पूर्णाङ्क-१००

### विषय : सामान्य ज्ञान तथा सामाजिक अध्ययन

### भाग 'क' वस्तुगत

**तलका प्रश्नहरूको सहि उत्तर लेख्नुहोस् ।**

१. नेपाल अधिराज्यको क्षेत्रफल कति वर्ग किलोमिटर छ ?
(क) १,४७,१८१ (ख) १,३३,१८१ (ग) १,५१,१८१ (घ) १,४७,८८१

२. श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहको जन्म कहिले भएको थियो ?
(क) वि.सं. १७३३ (ख) वि.सं. १७७९ (ग) वि.स.१७९९ (घ) वि.स. १७८९

३. नेपाल अधिराज्यभरी अहिले कतिवटा बैंङकहरू वाणिज्य बैंङकहरूको मात्र कारोबार गर्ने अनुपति पाएका छन् ?
(क) ६ (ख) ८ (ग) १० (घ) २८

४. थाइल्याण्डको मुद्रालाई के भनिन्छ ?
(क) टाका (ख) भाट (ग) पेशो (घ) दिनार

५. हाल राष्ट्रिय योजना आयोगको अध्यक्ष को छन् ?
(क) खड्ग प्रसाद शर्मा ओली (ख) डा. मङगलसिद्ध मान्धर
(ग) डा. कमल कृष्ण जोशी (घ) डा. स्वर्णीम वाग्ले

६. नेपालमा पहिलोपल्ट भएको मिस नेपाल सुन्दरी प्रतियोगितामा प्रथम हुने सुन्दरीको नाम के हो ?
(क) सिस एश्वर्य राणा (ख) मिस रुबि राणा (ग) मिस डली गुरुङग (घ) मेलीना जोशि

७. गुल्मी जिल्ला केका लागि प्रसिद्ध छ ?
(क) कफी खेती (ख) काजु खेती (ग) मकै खेती (घ) सुन्तला खता

८. भूपरिवेष्ठित राष्ट्र भन्नाले के बुझिन्छ ?
(क) चारैतिर पानीले धेरैको (ख) तीन तिर जमिनले धेरैको
(ग) चारैतिर जमिनले धेरैको (घ) तिन तिरबाट जमीनले घेरेको

९. हालको कृषि मन्त्रीको हुनुहुन्छ ?
(क) सि.पी. मैनाली (ख) आर. के.मैनाली
(ग) प्रदीप नेपाल (घ) चक्रपाडी खनाल (बलदेव)

१०. राष्ट्र संघीय विश्वविद्यालय कहिले स्थापना भएको हो ?
(क) १९६२ (ख) १९७२ (ग) १९८२ (घ) १९८३

११. The light of Asia भन्नाले कसलाई जनाउँछ ?
(क) राम (ख) गौतम बुद्ध (ग) महात्मा गान्धी (घ) जिसस क्राइस्ट

❑❑❑